# केन्द्रीय दुग्ध सहकारी संघ लि. नेपाल को

*

**

***

***

***

***

**

*

# विनियम २०४९ देखी

*

**

***

**

*

## २०७७ सम्मको संशोधन सहित

# केन्द्रीय दुग्ध सहकारी संघ लि. नेपाल को विनियम

१. **सहकारी संघको नाम र ठेगाना :**

यस संघलाई केन्द्रीय दुग्ध सहकारी संघ लि. नेपाल भनिने छ । यसलाई अंग्रेजीमा Central Dairy Cooperative Association Limited Nepal र छोटकरीमा CDCAN "सिडिक्यान" भनिने छ ।

२. **परिभाषा :**

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस बिनियममा :

क) संघ भन्नाले यस बिनियम अनुसार सहकारी बिभागबाट दर्ता भएको केन्द्रीय दुग्ध सहकारी संघ लि. नेपाल भन्ने सम्झनु पर्दछ ।

ख) जिल्ला संघ भन्नाले जिल्ला दुग्ध उत्पादक सहकारी संघ लि. भन्ने सम्झनु पर्दछ ।

ग) संस्था भन्नाले दुग्ध उत्पादक सहकारी संस्था लि. भन्ने सम्झनु पर्दछ ।

घ) सदस्य भन्नाले यस बिनियम अनुसार यस संघको शेयर खरिद गरि सदस्य बनेका दुग्ध उत्पादक सहकारी संस्था लि., जिल्ला दुग्ध उत्पादक सहकारी संघ लि. र शेयर खरिद गर्ने अन्य निकायलाई सम्झनु पर्दछ ।

ङ) रजिष्ट्रार भन्नाले नेपाल सरकार सहकारी बिभागका रजिष्ट्रार भन्ने सम्झनु पर्दछ ।

च) समिति भन्नाले यस बिनियम अनुसार निर्वाचित संचालक समिति भन्ने सम्झनु पर्दछ ।

छ) प्रदेश भन्नाले नेपाल सरकारले तोकेका ७ प्रदेशहरु भन्ने सम्झनु पर्दछ ।

३. **उद्धेश्य :**

क) आफ्ना सदस्य संस्थाको आर्थिक उन्नतीमा टेवा पुऱ्याउने,

ख) सदस्यहरुलाई व्यापारिक शोषणबाट मुक्त गर्ने,

ग) स्वच्छ तथा गुणस्तरयूक्त दूध तथा दुग्धजन्य पदार्थमा देशलाई आत्म निर्भर गराउने,

घ) गुणस्तरयूक्त दूध उत्पादन, वितरण र दुग्ध उद्योग संचालन गर्ने सम्बन्धमा सदस्य संस्थालाई प्रशिक्षित पार्ने तथा उत्पादित दुग्धजन्य पदार्थको बजार व्यवस्था गर्ने,

ङ) चरणबद्ध रुपमा दूध जन्य उद्योग संचालन गर्ने तथा गराउने,

च) उन्नत नश्लका दूधालु पशुहरुको विकास गरी तिनीहरुको स्वस्थ्यता कायम गर्न सदस्य संघ संस्थाहरुलाई पशु स्वास्थ्य सेवा उपलब्ध गराउने व्यवस्था गर्ने,

छ) सदस्य संस्थाहरुमा सहकारी भावना श्रृजना गरी समन्वय कायम गर्ने ।

ज) दूधको भण्डारण तथा चिस्यान केन्द्रको स्थापना गर्ने ।

झ) सदस्य संघ संस्थाहरुको सुदृढीकरण तथा प्रबर्द्धनमा सहयोग गर्ने ।

**४. कार्यहरु :**

उद्देश्य पूर्तिको लागी संघ देहाय बमोजिमको कार्य गर्ने छ ।

क) उन्नत नश्लका गाई/भैसीको बिकास गर्न सदस्य संस्थाहरुको योजना अनुसार सहयोग पुऱ्याउने ।

ख) सदस्य संस्थाहरुको कार्ययोजनालाई अध्ययन र विश्लेषण गरि आवश्यक पूजिको प्रबन्ध मिलाउने ।

ग) पशु औषधी पशुधन विमा र पशु दानाको प्रबन्ध मिलाई सदस्य संस्थाहरुको कार्यमा सघाउ पुऱ्याउने ।

घ) सदस्य संस्थाहरुबाट संकलन गरिएको दुधलाई चिस्याउने र प्रशोधनको कार्यमा संघ/ संस्थाहरुलाई सक्रिय गराउने ।

ङ) पशु दाना उधोग स्थापना गरी उन्पादन र बितरण गर्ने ब्यवस्था गर्ने ।

च) सदस्य संघ/संस्थाहरुबिच बचत कार्यक्रम संचालन गरीएको पूजिको सदुपयोग गर्ने ।

छ) सहकारी शिक्षा कार्यक्रम संचालन गर्ने ।

ज) सदस्यहरुद्धारा उत्पादित दूध तथा पदार्थको बजार ब्यवस्था गरि बिक्रि बितरण गर्ने गराउने ।

झ) सदस्यहरुको सुविधाको लागि सम्बन्धित बस्तु एवं सामाग्रीको निमित्त निकायबाट डिलरसिप लिने र लिन लगाउने ।

ञ) सदस्य संघ/संस्थाहरुको ब्यबस्थापन लेखा, गुणस्तरयुक्त दुग्ध उत्पादन, पशु स्यहार, नश्ल सुधार आदि बिषयमा सम्बन्धित ब्यक्तिहरुलाई समसामयिक तालिमको ब्यबस्था मिलाउने ।

ट) सदस्यहरुको केन्द्रीय प्रतिनिधि भई कार्य गर्ने ।

ठ) दुग्ध उत्पादन, बितरण र प्रशोधन सम्बन्धमा आवश्यक सबै कार्य गर्ने ।

ड) सम्बन्धित स्वदेशी तथा बिदेशी निकाय एवं सहकारीहरुसंग समन्वय गरि उक्त निकाय एवं सहकारी संघ/संस्थाहरुसंग ब्यावसायिक एवं अन्य सम्बन्ध विस्तार गरि काम, कारोबार गर्ने ।

ढ) सदस्य संघ/संस्थाहरुलाई वन, बैकल्पिक उर्जा, बातावरणको महत्व सम्बन्धित ज्ञान गराई पशु पालन, करेसाबारी, घाँस उत्पादन एवं बगैचा बिकासका कार्यमा समेत प्रेरीत गरि कार्यक्रममा सहभागि गराउने ।

**५. कार्यक्षेत्र :**

यस संघको कार्य क्षेत्र नेपाल राज्य भर हुनेछ ।

**६. प्रवेश शुल्क :**

संघको सदस्यता प्राप्त गर्न प्रत्येक संघ/संस्थाले प्रवेश शुल्क बापत रु ५००/-तिर्नु पर्ने छ ।

७. **सदस्यता :**

संघको कार्य क्षेत्र भित्र स्थापना भएका दुग्ध उत्पादक सहकारी संस्थाहरु संघको कम्तिमा एक शेयर खरिद गरी सदस्य वन्न सक्ने छन् । कुनै संघ/संस्थालाई सदस्यता दिन उपयूक्त छैन भन्ने कुरा यस संघको संचालक समितिलाई ,लागेमा सदस्यता माग गर्ने संघ/सस्थालाई संचालक समितिले सदस्यता नदिने निर्णय गर्न सक्नेछ र संचालक समितिको त्यस निर्णयको बिरुद्ध साधारण सभामा पुनरावेदन गर्न सकिने छ । यस सम्वन्धमा यस संघको साधारण सभाको निर्णय अन्तिम हुने छ ।

८. **निष्काशन :**

निम्न लिखित अवस्थामा कुनै पनि सदस्यलाई संचालक समितिले सुबिधाबाट वन्चित गर्न, सदस्यताबाट निलम्वन गर्न वा निष्काशन गर्न सक्ने छ :

क) संघको सहकारी ऐन नियम बिनियम वारम्बार उलंघन गरेमा,

ख) संघको ऋण नतिरेमा,

ग) संघलाई नोक्सानी पुऱ्याएमा ।

संचालक समितिको यस निर्णय प्रति नबुझ्ने सदस्यले साधारण सभा समक्ष पुनरावेदन गर्न सक्ने छ । यस सम्बन्धमा साधारण सभाको निर्णय अन्तिम हुनेछ ।

९. **राजिनामा :**

कुनै पनि सदस्यले राजिनामा दिएमा संघको सदस्यबाट अध्यक्षको स्वीकृतिमा संचालकको वैठक बाट हटाउन सक्नेछ ।

१०. **शेयर**

क) संघको सदस्य बन्न चाहने संघ/संस्थाले संघको कम्तीमा एक शेयर खरीद गर्नु पर्ने छ ।

ख) प्रति शेयर मूल्य रु. १,०० /- (एक सय) को हुने छ ।

ग) कुनै पनि सदस्यले चुक्ता शेयर पूंजीको २० प्रतिशत भन्दा बढी रकमको खरिद गर्न सक्ने छैन तर नेपाल सरकारलाई यो लागु हुने छैन ।

११. **संघको अधिकृत शेयर पूँजी :**

संघको अधिकृत शेयर पूँजी प्रतिशेयर रु. १,००/- का दरले ५००,००० शेयरको रु. ५,००,००,०००/- (अक्षरेपी रुपैयाँ पाँच करोड मात्र) हुनेछ ।

१२. **संघको कोष :**

संघको कोष निम्नानुसार खडा गरिने छ :

क) प्रवेश शुल्क

ख) शेयर पूंजी

ग) जगेडा कोष वा अन्य कोष

घ) सदस्य संस्थाहरुबाट प्राप्त बचत

ङ) ऋण तथा ऋणपत्रबाट प्राप्त रकम

रजिष्ट्रार

च) नेपाल सरकार, अन्य व्यक्ति, तथा नेपाल सरकारको स्वीकृती लिई अन्तराष्ट्रिय संघ/संस्थाबाट प्राप्त रकम

छ) व्याजवाट प्राप्त रकम

**१३. कोषको सुरक्षा**

संघको कोष कोषाध्यक्षको जिम्मा रहने छ । बैक खाता संचालन संघको कोषाध्यक्ष र संचालक समितिले तोकेको पदाधिकारी, सदस्य एवं प्रबन्धक मध्येबाट हुने छ ।

**१४. कोषलाई काममा लगाउने :**

संघको कोषलाई निम्न लिखित काममा लगाउन सकिन्छ ।

क) सदस्य संघ/संस्थाहरुलाई ऋण दिन वा संघको स्वीकृत कार्यक्रम अनुसारको कारोवार गर्न वा दुग्ध उद्योग संचालन गर्न ।

ख) राष्ट्रिय वा अन्तराष्ट्रिय स्तरमा स्थापित समान उद्देश्य भएका कुनै संघ/संस्थाको शेयर खरी गर्न ।

ग) कुनै बैकको बचत वा मुद्दती खातामा जम्मा गर्ने ।

घ) नेपाल सरकार वा अन्य संघ/संस्थाले जारी गरेको ऋणपत्र खरीद गर्ने ।

ङ) संघलाई आबश्यक पर्ने चल अचल सम्पत्ती खरीद गर्ने ।

च) अन्तराष्ट्रिय सहकारी महासंघको शेयर खरिद गर्न ।

**१५. शेयर प्रमाण पत्र :**

प्रत्येक सदस्यहरुलाई संघको छाप लागेको शेयर प्रमाण पत्र दिईने छ । सो प्रमाण पत्र हराएमा वा फाटेमा रु. २००/- तिरि अर्को प्रतिलिपी उपलब्ध गर्न सकिन्छ ।

**१६. शेयर रकम फिर्ता वा हस्तान्तरण हुने :**

कुनै पनि सदस्यको कुनै कारणबाट यस संघको सदस्यता कायम नरहेमा तिनले आफ्नो शेयर रकम फिर्ता पाउने छ । तर त्यसरी रकम फिर्ता गर्दा आ.ब. भुक्तानी भै ले.प. समाप्त भए पछि क्षति वापतको रकम कटट्ा गरी १२ महिना भित्र फिर्ता पाउने छ । कुनै सदस्यले चाहेमा सदस्य बन्न योग्यता भएकालाई निजको शेयर हस्तान्तरण हुन सक्नेछ ।

**१७. शेयर खरिद गर्न सक्ने :**

संघको विनियम अनुसार शेयर खरिद गर्न चाहेमा देहायका निकायहरुले संघको शेयर खरिद गर्न सक्नेछन :

क) नेपाल सरकार

ख) राष्ट्रिय सहकारी बिकास बोर्ड

ग) राष्ट्रिय दुग्ध बिकास बोर्ड

घ) अन्तराष्ट्रिय सहकारी महासंघ सदस्यता रहेको विदेशी सहकारी संस्था वा संघ तर यसका लागि नेपाल सरकारको पूर्व स्वीकृति अनिवार्य चाहिने छ ।

१८. **दायित्व :**

संघ प्रति सदस्य संस्थाहरुको दायित्व उनीहरुले लिएको शेयर मूल्यसम्म मात्र सिमित हुनेछ ।

१९. **हकदावी वा नामसारी :**

कुनै सदस्यको शेयर वा संघका आर्जनको हिस्सामा यो यति कार्यले आफ्नो हक कायम हुनु पर्ने भनी कुनै सदस्यले नामसारी गराउन वा हिस्सा पाउन दावी गर्न सक्ने छ ।

२०. **साधारण सभा :**

क) सम्पूर्ण शेयर सदस्यहरु भएको यस संघको एउटा साधारण सभा हुनेछ वार्षिक साधारण सभा आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिना भित्र बोलाईने छ । त्यसको सभापतित्व समितिका अध्यक्षले गर्ने छन् । तर प्रारम्भिक साधारण सभा भने संघ दर्ता भएको मितिले ३ महिना भित्र वोलाई सक्ने छ ।

ख) संघको साधारण सभामा सदस्य संघ/संस्थाको तर्फबाट प्रतिनिधित्व गर्न संघ/संस्थाको संचालक समितिको निर्णय अनुसार लिखित पत्रसाथ सो संघ/संस्थाको संचालक समितिको एकजना सदस्यलाई पठाउनु पर्ने छ ।

२१. **सर्वोच्च अधिकार :**

संघको सर्वोच्च अधिकार साधारण सभामा रहने छ ।

२२. **गणपुरक :**

क) साधारण सभाको गणपुरक संख्या जम्मा सदस्य संख्याको ५० प्रतिशतलाई मानिनेछ ।

ख) पहिलो पटक गणपुरक संख्या नपुगि दोश्रो पटक बोलाईएको साधारण सभामा ४० प्रतिशत उपस्थितीलाई गणपुरक मानिनेछ ।

२३. **लिखित सूचना दिनुपर्ने :**

साधारण सभा बोलाउदा संघले आफ्ना सदस्य संघ संस्थाहरुलाई साधारण सभा हुने स्थान, मिति समय र साधारण सभामा छलफल गरिने बिषयहरु सहित कम्तिमा १५ दिन पूर्व लिखित सूचना दिनु पर्ने छ र साधारण सभाको निर्णयको प्रतिलिपि बढिमा ३० दिन भित्र उपलब्ध गराउनु पर्ने छ ।

२४. **साधारण सभाको काम :**

क) संचालक समितिले तयार पारेको वार्षिक योजना र कार्यक्रम माथि विचार गरी स्वीकृत गर्ने ।

ख) संघको हिसाव जाँच प्रतिवेदन माथि छलफल गरी त्यसमा उल्लेख भएका काम कुराहरु कार्यान्वयन गर्ने संचालक समितिलाई निर्देशन दिने ।

ग) संघ वा समिति र लेखा समितिको निर्वाचन, विघटन र राजिनामा स्वीकृति गर्ने ।

घ) संघले कमाएको मुनाफा यस विनियममा तोकिए वमोजिम वाडफाड गरी वितरण गर्न स्वीकृत दिने ।

ङ) सदस्यहरुको निमित्त ऋणको सिमा तोक्ने ।

च) संघको लागी घर, जग्गा यन्त्र र चलअचल सम्पत्ति खरीद बिक्री गर्न स्वीकृति दिने ।

छ) यस विनियम वमोजिम परेको पुनरावेदन माथि छलफल गरी निर्णय दिने ।

ज) संघको अधिकृत पूंजी र ऋणको हद तोक्ने ।

झ) ऋणपत्र जारी गर्न हद तोकि स्वीकृत दिने ।

ञ) सहकारी ऐन नियमको आधिनमा रहि विनियम संशोधन गर्ने ।

ट) आवश्यकतानुसार आफुसँग भएका सबै वा केही अधिकार संचालक समितिलाई प्रयायोजन गर्ने ।

ठ) संघको हिसाव जाचको निमित लेखा परीक्षक नियूक्ती गर्ने र लेखा परिक्षकको पारिश्रमिक तोक्ने सम्वन्धमा निर्णय गर्ने ।

ड) संघको सल्लाहाकार वा कर्मचारीको नियुक्ती, सेवाको सम्बन्धमा नीति निर्धारण गर्ने र तदनुरुप कार्यान्वयनका लागि संचालक समितिलाई अधिकार दिने ।

२५. **विशेष साधारण सभा :**

सहकारी ऐन २०७४ को दफा ३९ (३) र प्रचलित नियमावली अनुसार संघको बिशेष साधारण सभा वोलाईने छ । विशेष साधारण सभामा ऐन प्रचलित नियमावलीको कार्यविधि पालन गरिनेछ ।

२६. **संचालक समिति र लेखा समितिको गठन :**

यस संघको संचालक समिति र लेखा समिति देहाय वमोजिम हुनेछ ।

क) संचालक समितिमा अध्यक्ष, बरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्ष, २ जना महिला सदस्य र ५ जना खुल्ला सदस्य समेत उपस्थित साधारण सभाका सम्पूर्ण सदस्यहरुबाट बहुमतद्धारा निर्वाचित हुनेछन । संचालक समितिका अन्य सदस्यको हकमा प्रत्येक प्रदेशका प्रतिनिधीहरुले आफु मध्येबाट निर्वाचित गरेका १/१ जनाका दरले ७ जना र निवर्तमान अध्यक्ष (पदेन सदस्य) रहने गरि २१ जनाको संचालक समिति हुनेछ ।

ख) लेखा समितमा एक जना संयोजक र दुई जना सदस्य गरि जम्मा ३ जना पदाधिकारी रहने छन् । लेखा समितिका पदाधिकारीहरुको निर्वाचन साधारण सभाका उपस्थित सम्पूर्ण प्रतिनिधीहरुबाट गरिनेछ ।

ग) संघीय संरचना अनुसार प्रदेश संयोजक तोक्ने ।

घ) निर्बाचन अवधिको निम्ति प्रारभिक संस्था, जिल्ला संघ र केन्द्रीय संघको निर्वाचन अवधिमा एकरुपता कायम (४ वर्ष) गरिनेछ ।

२७. **सल्लाहकार समिति :**

संचालक समितिले राष्ट्रिय सहकारी संघ राष्ट्रिय सहकारी बिकास बोर्ड, राष्ट्रिय दुग्ध बिकास बोर्ड, राष्ट्रिय सहकारी बैंक, संघको पूर्व अध्यक्षहरु, सहकारी बिभाग, एवं सम्बन्धित क्षेत्रका विज्ञ व्यक्तित्वहरु मध्येबाट एक सल्लाहाकार समिति गठन गर्न सक्नेछ ।

रजिष्ट्रार

२८. **संचालक समिति र लेखा समितिको सदस्य हुन नसक्ने :**

देहायका कुनै पनि व्यक्तिहरु संघको संचालक समिति र लेखा समितिको पदाधीकारी वा सदस्य हुन सक्ने छैनन्

क) सदस्य संघ/संस्थाबाट संघको साधारणसभामा प्रतिनिधित्व गर्ने गरी लिखित रुपमा अधिकृत नगरिएको ।

ख) सहकारी संस्थामा बेतन भोगी कर्मचारी रहेको ।

ग) संघ/संस्थाको ऋण तिर्न भाखा नाघेको ।

घ) फौजदारी अभियोग प्रमाणित भएको ।

ङ) अध्यक्ष पदका लागी एक कार्यकाल सञ्चालक समिती वा लेखा सुपरिवेक्षण समितीमा नरहेको ।

च) उम्मेदबारको आफ्नो जिल्ला संघ र केन्द्रीय संघलाई तिर्न पर्ने ऋण वा अन्य रकमको भाखा नाघेको ।

छ) यस संघ र सदस्य संघ संस्थामा आर्थिक रकम लिई फछ्र्योट नगरेको ।

२९. **संचालक समिति वा लेखामा समितिवाट हट्न सक्ने :**

क) लिखित राजिनामा दिएमा ।

ख) विना कुनै सुचना लगातार सम्बन्धित बैठकमा ३ पटक अनुपस्थित रहेमा ।

ग) संघले संचालन गरे जस्तै कारोवार निजी तौरमा संचालन गरेको छ भनी प्रमाणित भई साधारण सभाले निस्कासन गर्ने प्रस्ताव पास गरेमा ।

घ) संघको बिनियम ब्रारम्बार उलंघन गरेमा वा संघलाई हानि नोक्सानी पुर्‍याएको कुरा साधारण सभाले पास गरेमा ।

ङ) सदस्य संघ/संस्थाको प्रतिनिधि नरहेको ।

च) समितिले तोकको अवधि भित्र केन्द्रीय संघलाई सेवा शुल्क नबुझाएमा ।

३०. **बैठक :**

संचालक समितिको बैठक कम्तिमा ३ महिनामा एक पटक र आबश्यकता अनुसार जुनसुकै बखत समितिका अध्यक्षको अध्यक्षतामा र अध्यक्षको अनुपस्थितमा बरिष्ठ उपाध्यक्ष र बरिष्ठ उपाध्यक्षको पनि अनुपस्थितिमा उपाध्यक्षको अध्यक्षतामा बस्नेछ । ५१% सदस्यको उपस्थितिलाई गणपुरक संख्या मानिने छ । लेखा समितिको बैठक संयोजकको अध्यक्षतामा अनिवार्य रुपमा श्रावण, कार्त्तिक, माघ र बैशाख महिनाको पहिलो १५ दिनभित्र बसी गत ३ महिनाको हिसाब किताब जाँच गरी आन्तरीक लेखा परीक्षण गरीनेछ र आबश्यकता अनुसार जुनसुकै बखतमा बस्न सक्ने छ । बैठकमा भएका निर्णयहरु कार्यबाही पुस्तिका (माईन्यूट बुक) मा लेखिने छ । माईन्यूटको प्रमाणिकरण अध्यक्ष/संयोजकद्धारा गरिने छ ।

३१. **उप समिति बनाउन सक्ने**

आफ्ना कार्यक्षेत्र भित्र संचालन भएको दूध प्रशोधन उद्योगहरु संचालन गर्न वा त्यसको संचालक समितिमा प्रतिनिधित्व गर्न संघ आफ्ना सदस्य संघ/संस्थाहरु मध्येबाट प्रत्येक उद्योगको लागि एउटा उप समिति बनाउन वा प्रतिनिधी मनोनयन गर्न सक्ने छ । सदस्य

संघ/संस्थाहरु मध्यबाट उक्त उद्योग संचालन गराउदा त्यसबाट हुने लाभ, हानी, शर्त, सुबिधा आदि सम्बन्धमा उक्त कार्यमा संलग्न हुन इच्छुक संस्थाहरु संघको साधारण सभाले स्वीकृत गरेको निति अन्तर्गत रही संघको संचालक समितिले सम्झौता गर्न सक्ने छ । यस प्रकार गठन भएका आयोग उप समिति वा प्रतितिधीहरुको काम, कर्तब्य, अधिकार, शर्त सुबिधा र अबधि संघले तोके बमोजीम हुने छ ।

३२. **संचालक समितिको काम कर्तव्य र अधिकार :**

क) संघको कार्य तथा वजेट तर्जुमा गरी स्वीकृतिका लागि साधारण सभामा पेश गर्ने ।

ख) साधारण सभाद्धारा स्वीकृत कार्यकम अनुसार नीति निर्धारण गरी कार्यन्वयन गर्ने गराउने ।

ग) कुनै संघ/संस्था वा वैंकमा संघको प्रतिनिधित्व गरी आफु मध्येबाट एकजनालाई तोक्ने ।

घ) संघको ऋण लगानीको सदुपयोग भए नभएको हेरी सो सम्वन्धमा समयमै निर्णय गर्ने ।

ङ) संघको दैनिक कार्य संचालको निमित्त आवश्यक पर्ने साधन उपलब्ध गराउने र स्वीकृत नीतिअनुरुप कर्मचारी वा सल्लाहकार सम्वन्धमा निर्णय लिने ।

च) संघको सम्पति हिनामिना नहुने व्यवस्था मिलाउने र समय समयमा जाँच गर्ने, सुखन, चुहन जर्ती मिन्हा गर्ने ।

छ) हिसाव जाचमा देखिएका त्रुटीहरु समयमै सुर्धान लगाउने र त्यसको प्रतिंबेदन आफ्नो राय सहित साधारण सभामा पेश गर्ने ।

ज) साधारण सभा वोलाउने ।

झ) सहकारी शिक्षा कार्यक्रम संचालन गर्ने, गराउने ।

ञ) यस विनियममा उल्लेखित उद्देश्य र कार्यसंग सम्बन्धित सबै कार्य गर्ने गराउने ।

ट) आफुमा निहित सबै वा केही अधिकार गठित उपसमिति, अध्यक्ष, बरिष्ठ उपाध्यक्ष उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्ष, सदस्य, व्यवस्थापक र अन्य कर्मचारीलाई प्रत्योजन गर्ने ।

३३. **अध्यक्षको काम कर्तब्य र अधिकार :**

क) संघको समिति र साधारण सभाको अध्यक्षता गर्ने ।

ख) संघको कर्मचारी विदा स्वीकृति गर्ने, स्पष्टिकरण सोध्ने, चेतावनी दिने र काज खटाउने ।

ग) साधारण सभाको स्वीकृत गरेको निती अनुरुप समितिले स्थायी नगरे सम्म बढिमा ६ महिनाका लागि आवश्यक कर्मचारी अस्थायी नियूक्ति गर्ने ।

घ) आफुमा भएको अधिकार अवश्यकता अनुसार समितिका सदस्य वा व्यवस्थापकलाई दिने ।

ङ) संघको गतिविधि र निरिक्षण अनुगमन, मुल्याङकन र संधको हितमा निर्णय लिने ।

च) समिति र साधारण सभाको बैठक डाक्न आदेश दिने ।

छ) संघको मुख्यब्यक्तिको रुपमा बिभिन्न बैठकहरुमा भाग लिने, बार्ता गर्ने र संघको लक्ष्यहरु र योजना बारे सम्बन्धित ठाउमा आबश्यकता अनुसार प्रस्तुत गर्ने ।

ज) सदस्यहरु बिच उठेका मतभेदहरुमा सुधार ल्याई समन्वय कायम गर्ने ।

झ) समितिको बैठकबाट अनुमोदन गराउने गरि समितिको तर्फबाट निर्णय लिने ।

ञ) अध्यक्षले आफुमा निहित केही अधिकारीहरु गठित उप समिति, बरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष, महासचिब, सचिव, कोषाध्यक्ष, सदस्य, व्यवस्थापक एवं अन्य कर्मचारीलाई प्रयायोजन गर्ने ।

**३४. बरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव र कोषाध्यक्षको काम कर्तब्य र अधिकार :**

क) बरिष्ठ उपाध्यक्ष - अध्यक्षको अनुपस्थितिमा अध्यक्षको परामर्शमा अध्यक्षले गर्ने सम्पुर्ण कार्यहरु गर्ने ।

ख) उपाध्यक्ष - अध्यक्ष र बरिष्ठ उपाध्यक्ष दुबैको अनुपस्थितिमा अध्यक्षको परामर्शमा अध्यक्षले गर्ने सम्मुर्ण कार्यहरु गर्ने ।

ग) महासचिव - संघका निर्णयहरु कार्यन्वयनका लागि सचिबालयको संचालनमा आबश्यकता अनुसार नेतृत्व प्रदान गर्ने ।

घ) सचिव - महासचिबको अनुपस्थितिमा महासचिबले गर्ने सबै कार्यहरु सम्पन्न गर्ने ।

ङ) कोषाध्यक्ष - संघको कोषको जिम्मा लिने र संघको आर्थिक क्रियाकलापलाई व्यवस्थित गर्न आर्थिक श्रोत पहिचान र परिचालनमा प्रभावकारी भुमिका निर्वाह गर्ने ।

**३५. व्यवस्थापकको काम कर्तव्य र अधिकार :**

क) संघको दैनिक कार्य संचालनको जवाफ देही वहन गर्ने ।

ख) संघको अभिलेख अध्यावधिक राख्ने, राख्न लगाउने ।

ग) संघको अन्य कर्मचारीहरुको मुख्य प्रशासक भई कार्य गर्ने ।

घ) अध्यक्षको अनुमतिलिई समितिको बैठक र साधारण सभा बोलाउने ।

ङ) समिति वा अध्यक्षले प्रत्यायोजन गरेको अधिकार अनुसार बिभिन्न संस्था वा व्यक्तिहरुसंग वार्ता वा सम्झौता गर्ने ।

च) संघको कोषको सँरक्षण गर्ने, सम्पती हिनामिना नहुने व्यवस्था गर्ने ।

छ) संघको गतिविधि वारे समिति र अध्यक्षलाई अवगत गराउने ।

**३६. लेखा समितिको काम कर्तव्य र अधिकार :**

यस विनियम वमोजिम निर्वाचित लेखा समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) साधारण सभाको निर्देशन अनुरुप लेखा सम्वन्धी काम भएको छ छैन हेरी त्यस सम्वन्धमा संचालक समितिलाई सुझव दिने ।

ख) संचालक समितिले तोकेको ढांचामा संघको लेखा राखिएको छ छैन हेरी त्यस सम्बन्धमा संघको आन्तरिक लेखा परिक्षण गराउने ।

ग) हिसाव जांचका बखत लेखा परिक्षण सहयोग गर्ने ।

घ) लेखा सम्बधी प्रतिवेदन साधारण सभामा पेश गर्ने ।

**३७. मतदान :**

साधारण सभा र संचालक समितिको बैठकमा एक व्यक्ति एक मत मात्र प्रयोग गर्न पाउने छ । अध्यक्षले मत वरावर् भएमा निर्णायक मत मात्र दिनपाइने छ ।

**३८. निर्णय :**

साधारण सभा र संचालक समितिको बैठकमा गणपुरक संख्या पुगेमा उपस्थित सदस्यको वहुमतबाट निर्णय हुने छ ।

**३९. निर्वाचन :**

प्रत्येक ४ वर्षमा हुने संचालक समिति र लेखा सुपरिवेक्षण समितिको निर्वाचनको निमित्त आयोगको काम सहकारी ऐन २०७४ अनुसार संघको सञ्चालक समितिले तोकेबमोजिमको समितिबाट हुनेछ ।

**४०. खाता वहीहरु :**

प्रचलित सहकारी ऐन नियमावलिमा तोकिए अनुसार संघले आफ्नो कारोवारहरु व्यक्तिहरुले स्पष्ट देख्ने बुझ्न सक्ने गरी खाता वहीहरु राख्नुपर्ने छ र सदस्यहरुको बचत खाता वाहेक यो खाता कुनै पनि सदस्यले हेर्न पाउने छ । सदस्यको बचत खाता भने सम्बन्धित सदस्यले मात्र पाउने छ ।

**४१. बार्षिक हिसाब जाँच :**

साधारण सभाले निर्णय गरे अनुसार स्वीकृति प्राप्त लेखा परिक्षकबाट संघको बार्षिक कारोबारको हिसाव जाच गराईने छ । प्रत्येक आर्थिक बर्षको हिसाव जाच बार्षिक साधारण सभा हुनु अगावै गराईने छ ।

**४२. नाफको वितरण :**

संघको आर्थिक बर्ष श्रावण १ देखी अषाढ मसान्त सम्मलाई मानिन्छ । प्रत्येक आर्थिक बर्षमा संघले गरेको कारोवारवाट आर्जित शुद्ध बचत मुनाफा को २५% रकम जगेडा कोषमा छुट्याई बांकी रकमलाई सत्प्रतिशत मानी निम्नानुसार बाँडफाँड गरिने छ ।

| | | |
|---|---|---|
| क) | शेयर लाभांसमा | १५% |
| ख) | संरक्षित पूंजी कोषमा | १५% |
| ग) | कर्मचारी बोनस कोषमा | १५% |
| घ) | सहकारी शिक्षा कोषमा | १५% |
| ङ) | पशु विकास कोषमा | १५% |
| च) | घाटा पूती कोषमा | १५% |
| छ) | दुग्ध व्यवसाय विकास कोषमा | १०% |

तर कुनै पनि सदस्यलाई उसको चुक्त शेयरको १५% भन्दा बढि लाभांस र कर्मचारीलाई दुई महिनाको तलव भन्दा बढि रकम बोनस दिईने छैन । शेयर लाभांस र बोनस रकमलाई जगेडा कोषमा सारीने छ ।

**४३. विनियम संशोधन :**

सहकारी ऐन २०७४ को दफा २९ (१) अनुसार कम्तिमा ५१% साधारण सभा सदस्यको उपस्थितमा बहुमतले संशोधन गर्न सकिने छ । यसरी संशोधन भएको बिनियम उक्त ऐनको दफा २९ (२) अनुसार रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीबाट स्वीकृत भए पछि मात्र लागु हुनेछ ।

**४४. विघटन :**

क) सहकारी ऐन २०७४ को दफा ८८ अनुसार संघको साधारण सभाको तत्काल कायम रहेका सदस्य संख्याको बहुमतले संघ विघटन गर्ने निर्णय गरेमा रजिष्ट्रारले संघको दर्ता खारेज गरी विघटन गर्न सक्नेछ ।

ख) लगातार २ वर्ष सम्म कुनै कारोवार नगरी निस्कृय रहेमा वा उद्देश्य विपरित कार्य गरेमा समेत संघको दर्ता खारेज भई विघटन हुन सक्नेछ ।

**४५. मध्यस्तता :**

आफ्नो सदस्यहरुका बीच कुनै मतभेद संघले मध्यस्तता गर्ने छ र संघ कुनै सदस्यको मतभेद भएको सोको मध्यस्तता गर्न रजिष्ट्रारलाई आग्रह गरिने छ ।

**४६. संघको प्रतिक चिन्ह :**

दुई गोलाकार भित्र नेपालको नक्साको बिचमा अगाडि फर्केको दूधको बाल्टिन लिएको किसानको तस्बिर, किसानको दाहिने तर्फ गाई र भैसिको आकृति चित्र र देब्रे तर्फ कारखानाको संकेत जनाउने चित्र । नेपालको नक्सा भन्दा तल सहकारीको प्रतिक हात मिलाएको चित्र र नक्सा माथि CDCAN र चित्रमुनि केन्द्रीय दुग्ध उत्पादक सहकारी संघं लि. नेपाल २०४९ अंकित एक प्रतिक चिन्ह रहने छ ।

संघको नमूना प्रतिक चिन्ह ⇨

**४७. बिबिध :**

यस बिनियममा उल्लेखित नभएका अन्य कुरामा सहकारी ऐन २०७४ र प्रचलित नियमावली अनुसार हुनेछ सहकारी ऐनको दफा २९ (१) अनुसार संशोधित बिनियम रजिष्ट्रार वा निजले तोकेको अधिकारीबाट स्वीकृत भएपछि लागु हुनेछ ।